**आकाशवाणी समाचार- नेपाली**

मितिः ११ जुलाई २०२५

समयः ०७.२५ - ०७ः ३५ बजे (*अवधिः १० मिनट*)

**<u>प्रमुख समाचार</u>**

- गृहमन्त्री अमित शाह आज दुई दिवसीय भ्रमणमा तिरुवनन्तपुरम जानुहुनेछ।

- केंद्र सरकारले बाढ़ अनि भूस्खलनबाट प्रभावित असम, मणिपुर, मेघालय, मिज़ोरम, केरल र उत्तराखंडलाई एक हज़ार 66 करोड़ रुपियाँ भन्दा अधिकको राशि जारी गर्नेमा मंज़ूरी दिएको छ।

- विदेश मन्त्रालयले प्रधानमन्त्री नरेन्द्र मोदीको विदेश भ्रमणमा पञ्जाबका मुख्यमन्त्री भगवन्त मानको टिप्पणीको कडा आलोचना गरेको छ|

- बिहारमा मतदाता सूचीको विशेष गहन संशोधनको कामको ६६ प्रतिशत काम अन्तिम समयसीमाभन्दा लगभग दुई हप्ता अगाडि सम्पन्न भएको छ।

- क्रिकेटमा, आज लर्ड्समा एन्डरसन-तेंडुलकर ट्रफीको तेस्रो टेस्टको दोस्रो दिन इङ्गल्याण्डले भारतसँग आफ्नो पहिलो इनिङमा ४ विकेटको क्षतिमा २५१ रन बनाएर खेल्नेछ।

**<u>गृहमन्त्री अमित शाह</u>**

गृहमन्त्री अमित शाह आज दुई दिवसीय भ्रमणमा तिरुवनन्तपुरम जानुहुनेछ। केन्द्रीय मन्त्रीले राज्यका सात जिल्लाका वार्ड समितिका पदाधिकारीहरूको बैठकलाई सम्बोधन गर्नुहुनेछ। यस क्रममा श्री शाहले तिरुवनन्तपुरममा पार्टीको नयाँ राज्य मुख्यालयको उद्घाटन पनि गर्नुहुनेछ। साँझ केन्द्रीय मन्त्री कन्नूर जानुहुनेछ र थालीपरम्बा राजराजेश्वरी मन्दिरको दर्शन गर्नुहुनेछ।

**<u>केंद्र-बाढ़ सहायता</u>**

केंद्र सरकारले बाढ़ अनि भूस्खलनबाट प्रभावित असम, मणिपुर, मेघालय, मिज़ोरम, केरल र उत्तराखंडलाई एक हज़ार 66 करोड़ रुपियाँ भन्दा अधिकको राशि जारी गर्नेमा मंज़ूरी दिएको छ। गृह मंत्रालय अनुसार, असमका लागि 375 करोड़ रुपियाँ, मणिपुरका लागि 29 करोड़, मेघालयका लागि 30 करोड़, मिज़ोरमका लागि 22 करोड़, केरलक लागि 153 करोड़ र उत्तराखंडका लागि 455 करोड़ रुपियाँ भन्दा अधिकको राशि स्वीकृत गरिएको छ।यस वर्ष, केंद्र सरकारले राज्य आपदा राहत कोषबाट 14 राज्य र 6 हज़ार 166 करोड़ रुपियाँ भन्दा अधिक अनि राष्ट्रीय आपदा न्यूनीकरण कोषबाट 12 राज्यलाई 1 हज़ार 988 करोड़ रुपियाँ भन्दा अधिकको धनराशि जारी गरेको छ। यसबाहेक , राज्य आपदा न्यूनीकरण कोषबाट पांच राज्यहरुलाई 726 करोड़ रुपियाँ भन्दा अधिक जारी गरिएको छ।

**<u>विदेश मंत्रालय-प्रधानमंत्री यात्रा</u>**

विदेश मन्त्रालयले प्रधानमन्त्री नरेन्द्र मोदीको विदेश भ्रमणमा पञ्जाबका मुख्यमन्त्री भगवन्त मानको टिप्पणीको कडा आलोचना गरेको छ र त्यसलाई गैरजिम्मेवार र खेदजनक बताएको छ। मानको नाम नलिई विदेश मन्त्रालयका प्रवक्ता रणधीर जयसवालले भन्नुभयो वैश्विक दक्षिणका मित्र राष्ट्रहरूसँग भारतको सम्बन्धमा एक उच्च अधिकारीले गरेको टिप्पणी गैरजिम्मेवार, खेदजनक र उनको लागि अनुचित थियो। मिडियाका प्रश्नहरूको जवाफ दिनुहुदै श्री जयसवालले भारत सरकार मित्र राष्ट्रहरूसँग भारतको सम्बन्धलाई कमजोर पार्ने यस्ता अनुपयुक्त टिप्पणीहरूबाट आफूलाई अलग राख्छ भनि बताउनु भयो।विदेश मन्त्रालयको

यो प्रतिक्रिया पञ्जाबका मुख्यमन्त्रीको टिप्पणीपछि आएको हो जसमा उहाँले प्रधानमन्त्री नरेन्द्र मोदीले हालै कम जनसंख्या भएका देशहरूको भ्रमण गर्नुभएको छ भनि भन्नुभएको थियो ।

## उपराष्ट्रपति-भारतीय अर्थव्यवस्था

उपराष्ट्रपति जगदीप धनखडले भारत एक भरपर्दो अर्थतन्त्र, विश्वव्यापी मूल्य शृङ्खलामा एक विश्वसनीय साझेदार र अस्थिर संसारमा एक स्थिर आधार बन्ने सही बाटोमा रहेको बताउनुभएको छ। नयाँ दिल्लीमा CII-ITC सस्टेनेबिलिटी अवार्ड समारोहलाई सम्बोधन गर्नुहुदै उपराष्ट्रपतिले विश्व अशान्ति र अशान्तिको अवधिबाट गुज्रिरहेको र विश्वव्यापी परिदृश्यमा सुधारको कुनै संकेत नदेखिएको बेला, भारत एक अग्रणी आवाज भएको बताउनुभएको छ। भारतको दिगो विकास प्रमाणहरूलाई जोड दिनुहुदै, श्री धनखडले भारत विश्वको चौथो ठूलो अर्थतन्त्र र विकासको अग्रणी हो भनि बताउनुभयो। उहाँले भारतीय उद्योगलाई नवीकरणीय ऊर्जा, हरित हाइड्रोजन, गोलाकार अर्थतन्त्र मोडेल र कार्बन बजारमा लगानी गरेर हरित क्रान्तिको अग्रणी बन्न आह्वान गर्नुभयो। उपराष्ट्रपतिले भन्नुभयो भारत सरकार-केन्द्रित दृष्टिकोणबाट समग्र सामाजिक ढाँचामा अघि बढिरहेको छ जसमा उप-राष्ट्रिय, स्थानीय सरकारहरू, नागरिक समाज, निजी क्षेत्र र समुदायहरू सबैले प्रगतिमा महत्त्वपूर्ण भूमिका खेलिरहेका छन्। श्री धनखडले सरकारले धेरै नवीन कदमहरू चालिरहेको भए पनि प्रभावकारी परिवर्तन ल्याउन उद्योग अगाडि आउनु पर्छ भनि बताउनुभयो। उहाँले उद्योगलाई पाठ्यक्रमहरू विकास गर्न र उनीहरूको विश्वव्यापी उपस्थिति विस्तार गर्न शिक्षा, प्रशिक्षण संस्थानहरू र सरकारसँग नजिकबाट काम गर्न आह्वान गर्नुभयो। श्री धनखरले गुणस्तर, विश्वास, नवीनता र आधुनिक प्रासंगिकताको लागि प्राचीन ज्ञानमा आधारित 'ब्रान्ड इन्डिया' निर्माण गर्न पनि आह्वान गर्नुभयो।

## असम मंत्रिमंडल

मुख्यमन्त्री हिमन्त विश्व शर्माको नेतृत्वमा रहेको असम मन्त्रिपरिषद्ले धेरै महत्त्वपूर्ण निर्णयहरूलाई अनुमोदन गरेको छ। यसमा मानव-हात्ती संघर्षलाई सम्बोधन गर्ने उपायहरू, स्वास्थ्य रक्षा सेवा नियमहरूमा सुधार र विद्यार्थी र परम्परागत कामदारहरूको लागि कल्याणकारी योजनाहरू समावेश छन्। सरकारले बढ्दो मानव-हात्ती संघर्षलाई कम गर्न आठ उच्च जोखिम भएका जिल्लाहरू गोलपारा, उदलगुरी, नागाउँ, बक्सा, सोनितपुर, गोलाघाट, जोरहाट र विश्वनाथमा गज मित्र योजना लागू गर्नेछ। ८० उच्च-द्वन्द्वग्रस्त गाउँहरूमा समुदाय-आधारित द्रुत प्रतिक्रिया टोलीहरू गठन गरिनेछ। प्रत्येक टोलीमा आठ स्थानीय सदस्यहरू हुनेछन्। यी टोलीहरूले उच्च संघर्षका महिनाहरूमा हात्तीहरूको सुरक्षित मार्ग सुनिश्चित गर्न र धान खेतीसँगै जीविकोपार्जनको रक्षा गर्न काम गर्नेछन्।

## बिहार - विशेष गहन पुनरीक्षण

बिहारमा मतदाता सूचीको विशेष गहन संशोधनको कामको ६६ प्रतिशत काम अन्तिम समयसीमाभन्दा लगभग दुई हप्ता अगाडि सम्पन्न भएको छ। राज्यमा रहेका कुल ७ करोड ८९ लाख मतदातामध्ये हिजो साँझ ६ बजेसम्म ५ करोड २२ लाख मतदाताको गणना फाराम सङ्कलन भइसकेको थियो। यो संशोधन अभियान २४ जुन मा सुरु भएको थियो। निर्वाचन आयोगले यो प्रगति मतदाताहरूको सक्रिय सहभागिता र ७७ हजार ८ सय ९५ बुथ स्तरीय अधिकारी-बीएलओ, बीस हजारभन्दा बढी नवनियुक्त बीएलओ र चार लाखभन्दा बढी स्वयंसेवकहरूको समन्वित प्रयासलाई श्रेय दिएको छ, जसले यस प्रक्रियामा वृद्ध, अशक्त, बिरामी र कमजोर मतदाताहरूलाई मद्दत गरिरहेका छन्। यसबाहेक, सबै मान्यता प्राप्त राजनीतिक दलहरूद्वारा नियुक्त १ लाख ५६ हजार बुथ स्तरीय एजेन्ट-बीएलएहरूले पनि यस काममा सहयोग गरिरहेका छन्।

## कांवड़ यात्रा

श्रावण महिनाको वार्षिक कांवड़ यात्रा आजदेखि सुरु हुँदैछ। कांवड़ यात्राको क्रममा, गंगा नदीको पवित्र जल ल्याउन उत्तराखण्डको हरिद्वार, गौमुख र गंगोत्री जस्ता तीर्थस्थलहरूमा ठूलो संख्यामा मानिसहरू जान्छन्। दिल्ली, उत्तर प्रदेश र उत्तराखण्ड सरकारले तीर्थयात्रीहरूको व्यवस्थापनको लागि व्यापक व्यवस्था गरेको छ।गौतम बुद्ध नगरमा कांवड़ियाहरूको सुरक्षित आवागमन

सुनिश्चित गर्न, ११ जुलाई देखि २५ जुलाई सम्म राति १० बजेपछि दिल्लीबाट एनसीआर शहरहरूमा मालवाहक सवारी साधनहरूको प्रवेश निषेध गरिनेछ।

**केरल-निपाह**

राष्ट्रिय रोग नियन्त्रण केन्द्र-एनसीडीसीका वैज्ञानिकहरूले निपाह भाइरस विरुद्धको संयुक्त अभियानको एक भागको रूपमा हिजो पलक्कड र मलप्पुरम जिल्लाका विभिन्न स्थानहरूको भ्रमण गरे। एनसीडीसीका सहनिर्देशक प्रणय वर्माको नेतृत्वमा रहेको टोलीले जिल्लाका धेरै स्थानहरूको भ्रमण गर्‍यो।केन्द्रीय टोलीले मलप्पुरमका जिल्ला चिकित्सा अधिकारीसँग छलफल गर्‍यो र भाइरसको फैलावट रोक्न गरिएका उपायहरूप्रति सन्तुष्टि व्यक्त गरे। राज्यका स्वास्थ्यमन्त्री वीणा जर्जले राज्यमा निपाहबाट प्रभावित ४९९ जनालाई निगरानीमा राखिएको अनि मलप्पुरममा अब कुनै आइसोलेसन सेन्टर हुनेछैन तर पलक्कडमा प्रतिबन्धहरू जारी रहनेछन् भनि बताउनुभयो।पुणेस्थित राष्ट्रिय विषाणु विज्ञान संस्थान-एनआईभीका वैज्ञानिकहरूको नयाँ टोलीले पलक्कड र मलप्पुरमका निपाह प्रभावित क्षेत्रहरूको पनि भ्रमण गर्ने अपेक्षा गरिएको छ।

**क्रिकेट**

क्रिकेटमा, आज लर्ड्समा एन्डरसन-तेंडुलकर ट्रफीको तेस्रो टेस्टको दोस्रो दिन इङ्गल्याण्डले भारतसँग आफ्नो पहिलो इनिङमा ४ विकेटको क्षतिमा २५१ रन बनाएर खेल्नेछ। खेल भारतीय समय अनुसार दिउँसो ३:३० बजे सुरु हुनेछ। इङ्गल्याण्ड हाल बलियो स्थितिमा छ। हिजो पहिलो दिनको खेलको अन्त्यमा, जो रुट ९९ र बेन स्टोक्स ३९ रनमा अविजित छन्।टस जितेर पहिले ब्याटिङ गर्ने निर्णय गरेको इङ्ल्यान्डलाई भारतीय मध्यम गतिका बलर नितिश कुमार रेड्डीले सुरुमै झट्का दिए, जसले ओपनरहरू बेन डकेट र ज्याक क्राउलीलाई एकै ओभरमा आउट गरे। तर जो रुट र ओली पोप बीचको महत्वपूर्ण १०९ रनको साझेदारीसँगै इङ्ल्यान्ड बलियो स्थितिमा पुगेको छ।भारतका लागि रविन्द्र जडेजा र जसप्रीत बुमराहले एक-एक विकेट लिए।

****** ० ******